नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा
(निर्वाचन सेल)
बागमती प्रदेश, नेपाल

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+ code: 476K+J6
Google Plus: 476W+J6F

पत्र संख्या :- २०७९।०८०
चलानी नं :-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

## जरुरी सूचना

सम्वत् २०७९ मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्ने सन्दर्भमा सम्वत् २०७९ मंसिर १ गते राती १२:०० बजेदेखि मौन अवधि लागू हुने हुँदा सो अवधिमा देहाय अनुसार गर्न/गराउनु हुन सम्बन्धित सबै सरोकारवाला पक्षमा अनुरोध गरिन्छ ।

- मौन अवधिभर निर्वाचन प्रचारप्रसार लगायत कुनैपनि प्रकारका छलफल, अन्तक्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि नगर्नु/नगराउनु हुन ।
- मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदानस्थलको ३ सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउनु हुन ।
- कुनैपनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न वा निर्वाचन प्रचार प्रसार नगर्न/नगराउन हुन ।
- सामाजिक सञ्जाल, अनलाइन छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश सूचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर नगर्न/नगराउनु हुन ।
- कसैलेपनि मतदातालाई प्रभाव पार्न धाक धम्की, डर त्रास, लोभ लालच वा आर्थिक प्रलोभन देखाउन नहुने । निर्वाचनलाई प्रभाव पार्न नगद वा जिन्सी प्रदान नगर्ने तथा कुनैपनि प्रकारको भोज भतेर आयोजना नगर्ने र सो मा सहभागी नहुने ।
- मतदातालाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले झुटा, अफवाह, भ्रामक समाचार फैलाउन वा कुनै अवरोध गर्ने काम गर्न वा गराउन नहुने, प्रशारण वा सम्प्रेषण गर्न नहुने।
- होटल तथा रेष्टुरेन्टहरू रातको ८:०० बजेपश्चात् सञ्चालन नगर्नु, नगराउनु हुन ।
- अति आवश्यक कार्य परेमा बाहेक रातमा अनावश्यक हिंडडुल, सामूहिक भेटघाट नगर्नु/नगराउन हुन। निर्वाचन आचारसंहित विपरित कुनैपनि कार्य नगर्न/नगराउनु हुन ।
- निर्वाचन सम्पन्न गर्न जिल्लाभित्र शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाइएको हुँदा मतदाताले भयमुक्त भई कसैको अनुचित प्रभावमा नपरी आफ्नो मताधिकारको प्रगोग् गर्न हुन ।

मितिः-२०७९।०८।०१

दयाराम पौडेल
सहायक प्रमुख जिल्ला अधिकारी